गाउँपालिका अध्यक्ष कर्ण सिंह साउद ज्यूद्वारा शिवनाथ गाउँपालिकाको तर्फबाट गाउँसभा समक्ष प्रस्तुत

# वार्षिक नीति तथा कार्यक्रम

## आर्थिक वर्ष २०७९/०८०

शिवनाथ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शिवनाथ, बैतडी
सुदूरपश्चिम प्रदेश
नेपाल

१० असार २०७९

# सभासदस्य ज्यूहरु

शिवनाथ गाउँपालिकाको यस गरीमामय दशौं सभामा आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा मलाई गौरवको अनुभूति भईरहेको छ ।

***"आर्थिक संबृद्धिको आधार, कृषि, उद्यम र पर्यटन पूर्वाधार ।"***

१) विगतमा भएका ऐतिहासिक जनआन्दोलन एवं राजनैतिक आन्दोलनबाट संघीय लोकतान्तिक गणतन्त्र स्थापनाका निमित्त आफ्नो अमुल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति उच्च सम्मान सहित भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु।

२) गाउँपालिका स्थापना भए पश्चात गरिएका केहि कामको प्रगति समिक्षा सभा समक्ष प्रस्तुत गर्दछु ।

३) नेपालको संविधान २०७२ को अनुसूची ८ बमोजिम प्राप्त अधिकार लाई गाउँपालिकाको कामकाज लाई नियमन र सहजता ल्याउन १२ वटा ऐन, १६ कार्यविधि र ४ वटा नियमावली र १ निर्देशिका ल्याएको जानकारी गराउदछु ।

४) गाउँपालिकाले लोक सेवा आयोग लाई माग गरे बमोजिमको स्थायी कर्मचारीहरुको परीपूर्ती हुनुका साथै प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयन गर्नको निमित्त प्राविधिक सहायक, मेड्पा कार्यक्रम अन्तर्गत उद्यमविकास सहजकर्ताहरु, गरीव घरधुरी पहिचानका लागि गणक र सुपरीवेक्षकहरु र पाँच सैयाको कोरोना अस्थायी अस्पताल सञ्चालन गर्नकालागि करारमा एम.वि.वि.एस डाक्टर सहित कर्मचारीहरुको पद पुर्ति भई कार्यालयको काम काजबाट जनसेवामा सहजता भएको महसुस गरीएको छ ।

५) प्रदेश पुर्वाधार विकास कार्यक्रम अन्तर्गत एम्बुलेन्स एक थान, गाउँपालिकाको वजेट बाट कुस्मौत घाट प्रहरी चौकी र सुल्लेखान प्रहरी चौकी लाई एक/एक थान मोटर साईकल खरिद गरी थप दुई थान मोटरसाईकल हस्तान्तरण गरीएको हुँदा गाउँपालिकाको आन्तरीक आम्दानी बृद्धि तथा सेवामुखी र गाउँपालिकाको शान्ति सुरक्षामा थप टेवा पुगेको महसुस गरीएको छ ।

६) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट हस्तान्तरण जग्गामा १६ र ४ कोठे गाउँपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न भई कार्यालय नियमित सञ्चालनमा आएकोछ ।

७) गाउँपालिकाको सहयोगमा वडा नं. ४ को वडा कार्यलय सम्पन्न भएकोछ र वडा नं. १, ३ र ६ को वडा कार्यालय निर्माण कार्य सम्मन्न हुने चरणमा छ ।

८) गाउँपालिका केन्द्र नेपाल एस. बि. आई. बैङ्कको स्थापना तथा सुल्लेखान प्रहरि चौकीको स्थापना भई जिल्ला सदरमुकाम जाने कामबाट जनतालाई सहज भएको एंव शान्ती सुरक्षामा सहजता महसुश भएकोछ ।

## क)शिक्षा

९) श्री नागार्जुन मा.वि. मा प्राविधिक धार तर्फको (कक्षा ९-१२) बालि बिज्ञान अध्यान अध्यापन कार्य सञ्चालनमा आएको ।

१०)गाउँपालिका भरि रहेका सम्पुर्ण विद्यालयहरुमा गाउँपालिकाबाट अनुदान उपलव्ध गराई शिक्षक तथा बाल विकास सहज कर्ताको व्यवस्थापन गरीएको ।

११)गाउँपालिकाको पहलमा विद्यालयको पूर्वाधार भवन घेर प्रखाल सबै मा. वि. र केहि आधारभूत विद्यालयमा २ कि.वा. क्षमताको सौर्य उर्जा जडान गर्ने कार्य सम्पन्न भएको ।

१२)गाउँपालिकाको पहलमा विद्यालयलाई तिन तारे घोषणा कार्यक्रम अन्तर्गत बैतडी जिल्लाको पहिलो र सु.प.प्रदेशको दोस्रो तिन तारे विद्यालय घोषण गर्ने गाउँपालिका भएको र हालसम्म ६ वटा विद्यालय घोषणा गरीएको छ ।

१३)गाउँलिका भरीका समपूर्ण विद्यालयहरुमा सुद र सफा खानेपानी व्यवस्था गरी पूर्ण सरसफाइ उन्मुख विद्यालयको पूर्वाधार निर्माण भएको छ ।

१४)गाउँपालिकाको पहलमा विभिन्न विद्यालयहरुमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत कक्षा कोठा निर्माण एंवम एक मुष्ट अनुदान कार्यक्रम अन्तर्गत ६ वटा आ. वि. लाई एक मुष्ट वार्षिक अनुदान उपलव्ध गराएको छ

१५)० दरबन्दी भएका मा.वि. र नि.मा.वि लाई शिक्षण सिकाइ अनुदान उपलव्ध गराइएकोछ ।

## ख) स्वास्थ्य

१६)गाउँपालिकाको पहलमा पूर्ण संस्थागत सुत्केरी गाउँपालिका र ० होम डिलेभरी गराउन ६ वटै वडा भित्र दक्ष जनशक्ति सहितको प्रविधिक सेवा उपलव्ध गराई ११ वटा सुरक्षित प्रसुति केन्द्र स्थापना गरीएको छ, साथै गर्भवतिलाई उपाध्यक्षको कोशेली कार्यक्रम सञ्चालन गरि वडा नं. ३ लाइ पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गरीएको छ ।

१७)वडा नं. १, ३ र ५ मा आधारभूत सेवा केन्द्र स्थापना भएको छ, साथै स्वास्थ्य चौकी र आधारभूत सेवा केन्द्रमा बैकल्पिक उर्जा प्रर्वद्धन केन्द्र सहयोगमा २ कि.वा. को सौर्य उर्जा जडान भएको छ ।

१८)गाउँपालिकाको पहलमा गाउँपालिकाको केन्द्र सुल्येखानमा १० शैय्याको अस्पतालको निर्माण प्रक्रिया अगाडी बढेको छ ।

१९)महिला स्वास्थ्य स्वयसेवीकाहरुलाई मेडिक मोवाइल उपलव्ध गराइ सेवा सुचारु भएको तथा म.स्व. सेवीकालाई सम्मान कार्यक्रम सम्पन गरिएको छ ।

२०)गर्भवतीलाई घरमै अथवा टोलमै सेवा उपलव्ध गराउने उदेश्यले घुम्ति सेवा मार्फत भिडियो एक्सरे सेवा संचालनमा आएको छ ।

२१)शिवनाथ गाउँपालिकाका १६ देखि २३ महिनासम्मका सबै बालवालिकाहरुलाई १५ महिना भित्र पाउँनु पर्ने सम्पूर्ण खोप पुरा गरी पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा गरेका छौं ।

## ग) खानेपानि

२२)गाउँपालिकाको पहलमा ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना मार्फत बैतडी जिल्लाकै पहिलो एक घर एक धारा " कार्यक्रम मार्फत ६६७ वटा एक घर एक धारा" निर्माण सम्पन्न भएको छन ।

२३)गाउँपालिका र ग्रमिण जलस्रोत व्यवस्थापन परियोजनाको संयूक्त लगानीमा १० वटा सामुदायीक खानेपानीको योजना निर्माण सम्पन्न भएको छ ।

२४)गाउँपालिकाको आफ्नै पहलमा स-साना खानेपानि योजना निर्माण तथा पाइपहरु वितरण गरीएका छन ।

२५)गाउँपालिकाको पहलमा प्रदेश सरकारको सहयोगमा २ वटा सोलार लिप्टिङ खानेपानि योजना सम्पन्न भएका छन ।

२६)ग्रामिण जलस्रोत व्यवस्थापन परियोजनाको सहयोगमा वास बोंड, वास इकाई र खानेपानि उपभोक्ता समिति सन्जाल स्थापना गरी खानेपानीलाई बिशेस प्राथमिकता दिदैं आएको छ ।

## घ) यतायात

२७)शिवनाथ गाउँपालिकाको पहलमा प्रत्येक वडाका टोल बस्तीहरुमा सडक सञ्जाल मार्फत जोडने कार्यहरुलाई अगाडी बढाउने क्रममा अधिकांश टोल वस्तिहरु सडक संञ्जाल मार्फत जोडीएका छन । जसमध्ये ४ वटा मुख्य सडक र २२ वटा शाखा सडकहरु गरी जम्मा १५२.५ कि.मि. सडक निर्माण भएकोछ ।

२८)गाउँपालिका भित्रका अधिकांश सडकहरुको **DPR** बृस्तृत परियोजना प्रतिबेदन तयार गरिएको छ ।

२९)गाउँपालिकाको यातायात गुरु योजना **MTMP** तयार गरिएको छ ।

## ङ) कृषि

३०)कृषिलाई आय आर्जनको मुख्य पेशा बनाउने उदेश्यका साथ वडा नं. ३, ५ र ६ लाई कृषि पकेट क्षेत्र घोषणा गरी २५० वटा प्लाष्टीक हाउस वितरण गरिएको छ भने अदुवा, वेसार लाई व्यवसायीक रुपमा अगाडी बढाएको छ ।

३१)कृषि उत्पादनलाई बढावा दिन प्रत्येक वडामा १/१ जना नर्सरी नाईकेको तालिम दिई नर्सरीमा वोट, विरुवा उत्पादन गरी आप, केरा, लिचि, ओखर, कागती, किवि र आनारका विरुवाहरु किसानहरुलाई वितरण गरिएको छ ।

३२)कृषि उत्पादनलाई बजारिकरण गर्न गाउँपालिका केन्द्रमा संकलन केन्द्र स्थापना गरिएकोछ ।

## च) पशु

३३)मासुमा आत्मानिर्भर हुन कुखुरा पालन व्यावसायीहरुलाई अनुदान, बगूंर पालनम अनुदान, बाख्रा पालनमा अनुदान, भैसी पालनमा अनुदान एंव उन्नत खालका रांगा र बोका वितरण कार्य सम्पन्न भएका छन । साथै गोठ सुधारको कार्यक्रम सम्पन्न भएको छ ।

## छ) पर्यटन

३४)शिवनाथ मन्दिरको गुरु योजना तयार गरि गुरु योजनाले औल्याएका निर्माण कार्य ४ वटा गेट, पदमार्ग निर्माण सम्पन्न भएका छन भने एतिहासिक शर्माली गडिको गुरु योजना तयार गर्ने काम सम्पन्न भई नेपाली सेनाको सहयोगमा गडि किल्लाको संरक्षण गर्ने कार्यको आरम्भ भएको छ, भने गाउँपालिकाको सहयोगमा शर्माली गडि क्षेत्र भित्र तारबार लगाउने कार्य सम्पन्न भएकोछ ।

३३)उदयदेव मन्दिरको धार्मिक पर्यटकिय गुरु योजना तयार गरिएकोछ ।

३४)खोल्देव केदार मन्दिर घेर पर्खाल लगाउने कार्य सम्पान्न भएकोछ ।

## ज) झोलुङ्गे पुल

३५)शिवनाथ गाउँपालिका वडा नं. ४ बगार झो. पू. र सेल्या कोपरे झो. पू. **COVID-19** का कारणले निर्माण कम्पनिले समान समयमा सप्लाई गर्न नसकेर केही ढिलाई भएतापनि तत्काल योजनाको समान पूगी सकेकोले योजना निर्माण कार्य सम्पन्न हुने चरणमा छ भने बाकी पूलहरु मटेला खोला र गनागाड झो. पू. निर्माण हुने क्रममा छन ।

## झ) दलित तथा महिला

३६)दलित तथा महिलाहरुको माग सम्वोधन एंव समस्या समाधान गर्न पालिका स्तरीय दलित संजाल र महिला संजाल गठन गरि माग सम्वोधन गरीएकोछ, साथै दलित र महिलाको आय आर्जनमा बृद्धि गर्न विभिन्न सामाग्रीहरुमा (बाख्रा, सिलाई कटाई मसिन, आरन सुधार तथा २० कि.वा. सौर्य बत्ति) वितरण गरिएकाछन ।

## ञ) विविध

३७)गाउँपालिकाको पहलमा धार्मिक तथा पर्यटकीय क्षेत्र स्थानीय बजारहरुमा सडक वत्ति (१७) थान जडान गरीएको ।

३८)गाउँपालिका केन्द्र सुल्लेखानमा पालिका स्तरीय खेल मैदान निर्माण गरिएको छ।

३९)कमजोर आर्थिक अवस्था भएका दिर्घ रोगी र विपदको जोखिममा रहेका परिवरलाई कार्यविधि अनुसार निबेदनका आधारमा राहत तथा आर्थिक सहयोग उपलव्ध गराइएको छ ।

४०)प्राविधिक शिक्षा हासिल गर्ने विपन्न परिवारका व्यक्तिहरुलाई प्राविधिक छात्रवृत्ति उपलव्ध गराइएको छ ।

४१)सु.प. प्रदेशमा पहिलो स्थानीय पाठ्यक्रम (कक्षा १ - ३) तयार गर्ने पहिलो गाउँपालिका स्थापित भएको छ ।

४२)आ.व. २०७८/०७९ को प्रधानमन्त्री रोजगार कार्यक्रम का लागि **EMIS** मा ९३१ जना बेरोजगार व्यक्ति सूचीकृत भएका छन ।

४३)आ.व. २०७८/०७९ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीका लागि रुपन्तरण पहल आयोजना र कामका लागि पारिश्रमिकमा आधारिक समुदायिक योजना गरी गाउँपालिका भरी २५ वटा योजना सञ्चालन भई रहेका छन र उक्त योजनाहरुमा २२५ जनालाई १०० दिन बराबरको रोजगारी उपलब्ध गराईएको छ ।

४४)बिद्यार्थी भर्ना दर बढाउन र बिद्यार्थी लाई निरन्तर विद्यालयमा उपस्थित गराउन सञ्चालन गरीएको दिवा खाजा कार्यक्रम निरन्तर रुपमा चलिरहेको छ ।

४५)न्यायीक समिति मार्फत गाउँपालिका भित्र २२८ वटा मुद्दाहरु मेलमिलाप गराई किनारा लगाईएको छ।

४६)घटना दर्ता कार्यलाई Online मार्फत दर्ता गराउने कार्यकासाथै सम्पूर्ण वडाहरुका प्रशासनिक कामहरु लाई Digitalization का माध्मबाट गर्ने कुरा सम्पन्न गरीएको छ ।

४७)सार्वजनिक खरिदलाई व्यवस्थित गर्न नेपाल सरकारले तयार पारेको सार्वनजिक खरिद व्यवस्थापन प्रणाली **PAMS** को सुरुवात गरीएको छ ।

४८)आगामि ५ वर्षको लागि गाउँपालिकाको आवधिक योजना निर्माण कार्य सम्पन्न भईसकेको छ सो आवधिक योजनाले गाउँपालिका भित्र सञ्चालनहुने योजना छनौंटमा सहजता ल्याउने विश्वास लिएको

# सभासदस्य ज्यूहरु

## अव म अगामि आर्थिक वर्ष २०७९/०८० मा शिवनाथ गाउँपालिकाले अवलम्वन गर्ने निति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

*"समृद्ध शिवनाथको आधार स्वास्थ्य, शिक्षा, सुशासन र रोजगार।"*

४९) नेपालको संविधान २०७२ बमोजिम विद्यमान संघीय ऐन तथा कानुन, प्रदेश ऐन कानुन संग नबाझिने गरी स्थानीय तहलाई आवश्यक पर्ने संविधानको अनुसूची ८ बमोजिम स्थानीय कानुन निर्माण गरी कार्यान्वयन गर्ने कार्यलाई प्राथमिकता दिईने छ ।

# क्षेत्रगत नीति तथा कार्यक्रमः

### क) पूर्वाधार विकासः

५०) नेपाल विद्युत प्राधिकरणबाट राष्ट्रिय प्रसारणलाईन गापाको केन्द्र सम्म पुग्ने क्रममा रहेकोले संघ सरकारसँग समन्वय गरी उक्त विधुतलाईनलाई सम्पुर्ण वडा भरी विस्तार गरीनेछ।

५१) प्रत्येक वडामा व्यवस्थित सडक सञ्जाल निर्माण गर्न सडकहरूको डिपिआर तयार गर्ने रणनीति ल्याउनुका साथै डिपिआर गरीएका सडकलाई थप व्यवस्थित बनाउने कार्यक्रम ल्याइनेछ।

५२) गा.पा केन्द्रमा रहेको खेलमैदानलाई थप व्यवस्थित गरीनेछ।

५३)निर्माणाधिन वडा कार्यालयहरू निर्माण सम्पन्न हुने चरणमा रहेको हुदा यथा सिघ्र कार्यालय संचालन गरीने व्यवस्था मिलाईनेछ।

५४) निर्माण सम्पन्न हुन बाकी रहेका वडा कार्यालय आधारभुत स्वास्थ्य केन्द्र, निर्माण व्यवसायि संघ, आवश्यक प्रक्रिय पुरागरी यथासिघ्र निर्माण गरीने व्यवस्था गरीनेछ।

५५) गाउँपालिका सम्म पुग्ने मुख्य सडकलाई संघ र प्रदेश संग समन्वय गरी कालो पत्रे गर्न पहल गरीनेछ।

५६) वडा कार्यालय नभएका वडा नं.२, ५ र ६ का लागि वडा कार्य निर्माणका लागि पहल गरीनेछ।

५७) स्थानीय सडकहरूलाई वर्ष भरी यातायात संचालन गरीने व्यवस्था गरीनेछ।

५८) प्रसुति सेवा केन्द्र, गाउघर क्लिनिक तथा खोप क्लिनिक नभएका ठाउमा आगामी आ.व.मा निर्माण गरीने नीति अपनाईनेछ।

५९) भौतिक संरचना निर्माण गर्दा नक्सा पास,भुकम्प प्रतिरोधि प्रविधि अनुसार निर्माण गरीने कार्यलाई प्राथमिकता दिइनेछ।

६०) यातायात गुरू योजना अनुसार सडक निर्माण कार्यलाई अगाडी बढाइने छ।

६१) सरकारी भौतिक संरचना निर्माण गर्दा अपाङ्ग/बाल मैत्रि संरचना निर्माण गरीनेछ।

६२) सडक निर्माण गर्दा बातावरण मैत्री बनाउने नीति अबलम्बन गरीनेछ।

६३) संघ र प्रदेश सरकारसँगको समन्वयमा पालिका स्तरमा सञ्चालित मुख्य रणनितिक सडकहरुको स्तरोन्नति तथा कालो पत्रेकालागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

६४) कृषि उत्पादनमा जोड दिन सिचाँइ सुविधाकालागि आवश्यक बजेटको व्यवस्था तथा ठूला सिचाँइ आयोजना सञ्चालनको लागि संघ र प्रदेशसँग समन्वय गरिनेछ ।

६५) लिफ्ट सिचाँइ योजना मार्फत मुख्यतया सुरनया र महाकालि नदि आसमासका खेति योग्य क्षेत्रकालागि सरकारी तथा गैर सरकारी संस्थाहरुसँग समन्वय गरिनेछ ।

६६) खानेपानी सरसफाई तथा स्च्छता व्यवस्थापन निर्देशिका २०७७ को परीच्छेद ३ को ७ र ८ उल्लेख भए अनुसार खानेपानी, सरसफाई तथा स्वच्छत(वास) इकाई लाई निरन्तरता दिइनेछ।

६७) एक वडा एक खेलमैदान कार्यलाई निरन्तरता दिइनेछ।

## ख) आर्थिक विकासः

### अ) कृषिः

६८) कृषि पकेट क्षेत्र र अन्य तरकारी उत्पादन तथा कृषि क्षेत्रमा राम्रो उत्पादन भएको शिवनाथलाई तरकारी पकेट क्षेत्र तथा अन्य कृषकको व्यवसायलाई अझै वलियो बनाई बिषादी युक्त आयातित तरकारिलाई घटाई आर्गानीक तरकारी निर्यात लाई जोड दिइनेछ।

६९) वेरोजगार युवालाई व्यवसायमा जोडनको निमित्त उधम विकास कार्यक्रम (मेडपा) बाट सुरूवात तालिमहरूलाई निरन्तरता दिइनेछ। साथै व्यवसायमा जोड दिनको निमित्त संघ र प्रदेशसित सहकार्य गरी गा.पा.बाट मेचिङ बजेटको व्यवस्था मिलाईनेछ।

७०) गाउँपालिकाको भू-उपयोग निति तयार गरि कार्यान्वयन गरिनेछ ।

७१) गा.पा.बाट छनौट भएका कृषि पकेट क्षेत्रलाई अझै सशक्तिकरण गरीनेछ।

७२) गा.पा. भित्र रहेका अगुवा कृषक को पहिचान गरी पोलिहाउस वितरण कार्यलाई निरन्तरता दिइनेछ। साथै थप व्यवसायिक कृषक उत्पादनको निमित्त तालिम तथा गोष्ठी को उचित प्रबन्ध मिलाईनेछ।

७३) गा.पा. भित्र रहेका उत्कृष्ट कृषकलाई प्रोत्साहन गर्न प्रत्येक ४ महिनामा गा.पा. स्तरीय छलफल आदान प्रदान कार्यक्रम तथा गा.पा. भित्र वा बाहिर कृषि भ्रमण तथा अवलोकन को व्यवस्था मिलाईनेछ।

७४) बिगत वर्ष देखि लगातार रुपमा देखापरेको अमेरिकन फौजिकिराका लागि र अन्य बिभिन्न किसिमका रोग निवारणको निमित्त किटनाशक औषधि र विषादीको उचित व्यवस्था मिलाईनेछ।

७५) केरा,आफ,लिचि,मौसमि,कागति,ओखर खेति तथा अन्य फलफुल खेति लाई व्यवसायिकरण गार्नको निमित्त उचित तालिम तथा अनुदानको व्यवस्था मिलाईनेछ।

७६) कृषि व्यवसायलाई प्रोत्साहन गर्न युवाहरूलाई अनुदानको व्यवस्था मिलाईनेछ।

७७) कृषि जन्य बस्तुहरूको उत्पादनमा जोड दिन विउविजन निशुल्क वितरण गरीने कार्यक्रमलाई निरन्तरता गरीनेछ तथा कृषि घुम्ति शिविर संचालनमा ल्याइनेछ।

७८) एक वडा एक उत्पादन कार्यक्रमलाई जोड दिइनेछ।

७९) हिउदे तथा बर्खे फलफुल विरूवा ७५% अनुदानमा वितरण गरीनेछ।

८०) गा.पा. मा रहेको तरकारी संकलन केन्द्रलाई थप व्यवस्थित बनाई व्यवसायीक किसानहरुबाट संकलित तरकारी स्थानीय बजारमा बिक्रि सम्भव नभएमा बाहिरि निर्यत गर्न किसानहरुलाई प्रोसाहन गरीनेछ।

८१) किसानहरुको आय आर्जनमा बृद्धि गर्न एक घर एक पलाष्टिक छानाको निति अवलम्वन गरीने छ ।

८२) कृषि उत्पादन बृद्धि गर्न आवश्यक उन्नत विउँ, विजन र विसादि व्यवस्था गरिने छ ।

८३) अदुवा र बेसारलाई व्यवसायीक रुपमा उत्पादन गर्न किसानलाई टेवा दिइने छ ।

### आ) पशु तर्फः

७९) स्थानीय स्तरमा रहेका पशुपक्षी संरक्षण गरीनेछ।

८०) बाख्रापालन लगायत अन्य व्यवसायिक किसानलाई प्रोत्साहन गरीनेछ।

८१) पशुजन्य उत्पादनमा जोड दिदै किसानहरूलाई निशुल्क पशु स्वस्थ्य सेवा उपलव्ध गराईनेछ।

८२) पशुपक्षी पालन किसानलाई बीमा सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालन गरीनेछन।

८३)नश्ल सुधार तथा आहार व्यवस्थापन कार्यक्रमा जोड दिइनेछ।

८४) व्यवसायीक किसानहरूमध्ये बाट उत्कृष्ट कृषक/समुहलाई पुरूष्कृत गरीनेछ।

८५) मासु,अण्डा तथा दुधमा आत्मनिर्भर बनाउनकालागि बिशेष कार्यक्रम गरीनेछन्।

८६) बाख्रा पालन ,भैसिपालन, गाईपालन,विशेष प्याकेज कार्यक्रम मार्फत व्यवसायीकरणमा जोड दिइनेछ।

८७)पशुसेवा विज्ञ केन्द्र संग समन्वय गरीनेछ कार्यक्रमहरु सञ्चालन गरिनेछन्।

८८) बिभिन्न प्रकारका पशुपन्छी रोगहरूको निराकरणकालागि पशु बिज्ञ केन्द्र र गाउँपालिकाको सहकार्यमा खोपको व्यवस्था गरीनेछ।

८९) कुखुरा पालन, बंगुरपालन र माछापालनमा बिशेष जोड दिइनेछ।

९०) पशुपन्छि उत्पादन बृद्धि र बजारिकरणमा जोड दिइनेछ ।

९१) समुह समिति गठन, बहुउदेशीय फार्म कार्यक्रम सञ्चालन गरिनेछ ।

९२) उन्नत जातका बाख्रा र बोका किसानहरुलाई उपलव्ध गराइनेछ ।

## इ) उद्योगः

९३) अध्यक्ष उद्यमशिलताका कार्यक्रम संचालनमा ल्याइनेछ।

९४) उद्योग विकास शाखाको स्थापना र यसको सवलिकरण गरीनेछ।

९५) उद्यम विकास तथा रोजगार सृजना सम्बन्धी रणनीतिक योजना तयार गरीनेछ।

९६) उद्योग क्षेत्रमा आवश्यक जनशक्ति विकास र क्षमता अभिवृद्धि गरीनेछ।

९७) बैदेशिक रोजगारीलाई निरूत्साहित गर्न स्थानीय उत्पादन मुलक र जिविकोपार्जनमुखि सिपको मुल्याङ्कन गरी स्थानिय स्तरमा रोजगारी सृजना गरीनेछ।

९८) स्थानिय स्तरमै रोजगारीका अवसरहरू सृजना गरी गाउँपालिका लाई समृद्ध बनाइनेछ।

९९) उधम सीप विकासका लागि बिभिन्न सरकारी गैरसरकारी संस्था संगको सहकार्यमा व्यवसायीकरणमा जोड दिइनेछ।

१००) स्थानीय स्रोत साधनमा आधारित सिप विकास तालिमहरु प्रदान गरिने छ ।

## ई) आन्तरीक राजश्वः

१०१) गाउँपालिका भित्रका राजश्वका श्रोतहरूको पहिचानगरी आन्तरीक राजश्व वृद्धि गर्ने नीति अवलम्बन गरीनेछ।

१०२) प्राकृतिक श्रोत साधनको समुचित प्रयोग गरी अन्तरिक राजश्व वृद्धि गरीनेछ।

१०३) करदाता मैत्री बातावरण सृजना गर्न घुम्ति शिविर मार्फत आन्तरिक राजश्व संकलन गरीनेछ।

१०४) समुदायिक बनबाट उत्पानद हुने खोटोमा गाउँपालिकाले रोयल्टि उठाउन विशेष पहल गरीनेछ।

१०५) गा.पा. भित्र रहेका बिभिन्न व्यवसायीहरूलाई व्यवसाय दर्ता गराउन थप प्रोत्साहन गरीनेछ।

१०६) सम्पत्तीको स्वघोषणाको नीति अवलम्वन गरी आन्तरिक राजश्व बृद्धि गर्ने नीति ल्याईनेछ।

## ग) सामाजिक विकास तर्फः

## अ) शिक्षा तथा युवा खेलकुदः

१०७) प्रारम्भिक बालविकास सहित आधारभुत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क लाई सुनिश्चित गरीनेछ।

१०८)स्थानीय स्तरमा उच्च शिक्षा प्रदान गर्न गाउँपालिकाको जेष्ट विद्यालयलाई उत्प्रेरित तथा आवश्यक सहयोग गरिनेछ ।

१०९) विद्यालय शिक्षा र आन्तरिक मुल्याङ्कन प्रणालिलाई थप व्यवस्थित गर्न सिकाइका र मुल्याङ्कनका अन्य बैकल्पिक व्यवस्था गरी शिक्षण सिकाई र मुल्याङ्कनलाई प्रभावकारी तुल्याईनेछ।

११०) शैक्षिक गुणस्तरको मापदण्ड अनुसार शैक्षिक पुर्वाधार सहित सिकाई बातावरण सृजना गरीनेछ। यसका लागि वुक कर्नर पुस्तकालय,विज्ञान प्रयोगशाल ,आईसिटी ल्याब लगायत बालमैत्री सिकाई का लागि न्युनतम सर्त पुरा गरीनेछन्।

१११) सामुदायिक सिकाई केन्द्र लाई थप व्यवस्थित बनाईने छ।

११२) उच्च शिक्षामा सहजपहुच र सहभागिता सुनिश्चित गरीनेछ। निश्चित मापदण्डका आधारमा प्राविधिक शिक्षा अध्ययन गर्ने बिद्यार्थीलाई उचित छात्रवृतिको व्यवस्था गरीनेछ।

११३) विद्यालय नक्सांङ्कन ,विद्यार्थी शिक्षकको अनुपातमा शिक्षक दरबन्दि मिलान गरीनेछ।

११४) अनुगमन तथा नियमन विषय गत सुपरीवेक्षण र पृष्टपोषणलाई प्रभावकारी एवं परीणाम मुखी बनाईनेछ।

११५) गाउँपालिकाले (४ — ६, ६ — ८) कक्षाको स्थानीय पाठ्यक्रम निर्माण गरिनेछ।

११६) प्रत्येक विद्यालयमा शुद्ध पिउनेपानी, उपयुक्त शौचालय ,हरियालि बगैचा तथा खेलकुद कार्यक्रम सहितको व्यवस्था गरीनेछ।

११७)बालविकास केन्द्र स्थापना नभएका विद्यालयहरुमा वा समुदायमा बालविकास केन्द्र स्थापना गरी बालविकास सहजकर्ताहरुको व्यवस्था मिलाइनेछ ।

११८) शिक्षण सिकाईमा सुचना प्रविधिको प्रयोग तथा व्यवस्थापन सुचना प्रणालीको व्यवस्था गरीनेछ।

११९) बालबालिकाहरू प्रति गरीने हरेक प्रकारको श्रम शोषण लगायतका हिंसाहरू अन्त्य गरी बालविवाह को अन्त्य गर्दै शिवनाथ गा.पा.लाई पूर्ण बालमैत्री गा.पा. बनाईने नीति अवलम्बन गरीनेछ।

१२०) भौतिक संरचना नभएका विद्यालयमा उपयुक्त कक्षा कोठाको व्यवस्था गरीनेछ।

१२१) शिक्षण सिकाई लाई प्रभावकारी गर्न शिक्षकहरूलाई TPD लगायत विशेष तालिमको व्यवस्था गरीनेछ।

१२२)विषयगत रुममा शिक्षक व्यवस्थापन गरिनेछ ।

१२३)गाउँपालिका स्तरिय तहगत रुपमा हाजिरि जवाफ, साहित्य लेखन लगायत अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछन ।

१२४)विद्यालय अनुगमन पद्धतिमा रेटिङ पद्धति लागू गरिने ।

१२५)पालिका भित्र प्रत्येक विद्यालयमा (समयनिष्ठता, अनुशासन, पद्धति) विषयको शुनिश्चितता गरिनेछ ।

१२६)यूवाहरुकालागि वडा तह, गा. पा. तहमा विभिन्न खेलकुद प्रतियोगीताहरु संचालन गरिनेछन ।

१२७)आधारभुत तह (६,८) र माध्यमिक तह(९-१०)मा अंग्रेजी, गणित, विज्ञान विषयमा शिक्षण सिकाई अनुदान उपलव्ध गराईनेछ।

१२८)बालविकास सहजकर्ता, शिक्षक, विद्यालय कर्मचारिलाई गाउपालिकाको क्षमता अनुसार सेवा सुविधामा बृद्धि गरीनेछ।

१२९)उत्कृष्ट विद्यार्थी, उत्कृष्ट विद्यालय, विद्यायल व्यवस्थापन समिति, प्र.अ.लाई पुरष्कारको व्यवस्था गरिने छ ।

१३०)प्र.अ. बैठकलाई निरन्तरता दिइने छ।

१३१)गाउँपालिकाको समग्र शैक्षिक बस्तुस्थितिलाई समेटदै गाउँ शिक्षा योजना निर्माण गरिनेछ ।

१३२)प्रत्येक मा.वि. मा किशोर, किशोरिको स्वास्थ्य शिक्षामा अभिबृद्धि गर्न सबै मा.वि.मा नर्सिङ सेवा उपलव्ध गराइने छ ।

## आ) स्वास्थ्य तर्फः

१३३)करार स्वास्थ्यकर्मी भर्ना ,निरन्तरता र सेवा सुबिधा गाउपालिकाको क्षमता अनुसार सेवा सुविधामा बृद्धि गरीनेछ।

१३४)सस्थागत सुत्केरी लाई निरन्तरता दिदै घरमा हुने सुत्केरी लाई शुन्यमा झार्न आवश्यक कार्यक्रम बिस्तार गरीनेछ ।

१३५)गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा गर्भवति महिलाले बच्चा जन्ममाउन नसकि बाहिर रिफर गर्नु पर्ने अवस्थामा गाउँपालिकाबाट निःशुल्क एम्वुलेन्स सेवा उपलब्ध गराइने छ ।

१३६)स्वास्थ्य सस्थामा चौबिसै घण्टा दक्ष प्रसुतिकर्मी (SBA) लाई तयारी अवस्थामा राख्ने ब्यवस्था मिलाईनेछ

१३७)PNC Home Visit कार्यक्रमलाई तप प्रभावकारी बनाउन कार्यक्रम संचालनमा ल्याईनेछ।

१३८)संस्थागत सुतकेरीलाई बढावा दिन थप नयाँ कार्यक्रमहरु ल्याइनेछ ।

१३९)आवश्यक वस्तिमा नयाँ प्रस्तुति केन्द्र स्थापना गरिनेछ ।

१४०)सुरक्षित प्रसुती केन्द्र र स्वास्थ्य सस्थालाई न्युनतम औजार तथा उपकरण सहितको गुणस्तरीय सेवा प्रदान गर्ने सस्था बनाउन आवश्क पहल गरीनेछ।

१४१)SBA IMPLANT IUCD तथा MA तालिमको माध्यम बाट दक्ष जनशक्ति उत्पादन गर्न र सेटलाईट क्याम्प संचालन गर्न आवश्यक बजेट बिनियोजन गरीनेछ ।

१४२)ग्रामीण अल्ट्रासाउन्ड घुम्ति शिबिर निरन्तर संचालनमा ल्याईनेछ ।

१४३)खोप तथा गाउँघर क्लिनिक सुदृढिकरण गरीनेछ ।

१४४)पुर्णखोप निरन्तरता र दिगोपना  कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१४५)महिला स्वास्थ्य स्वयमसेबिकालाई थप प्रोत्साहन कार्यक्रम संचालन गरीनेछ ।

१४६)कुपोषित बालबालिका र जोखिम युक्त गर्भवति घरधुरी पहिचान गर्ने कार्यक्रम लाई निरन्तरता दिईनेछ।

१४७)पुर्ण पोषण मैत्री वडा, पालिका घोषणामा बिशेष जोड दिईनेछ।

१४८)पालिका स्तरीय Data verification / validation कार्यक्रम लाई उच्च प्राथमिकतामा राखिनेछ।

१४९)HMIS Tools तथा मासिक प्रतिवेदन, अनुगमन पुस्तिका छपाईका लागि आवश्क बजेट बिनियोजन गरीनेछ।

१५०)स्वास्थ्य सस्थामा खानेपानी ब्यवस्थापन गरीनेछ।

१५१)खोप अत्यावश्यक औषधि तथा अन्य स्वास्थ्य सामाग्रीको नियमित आपुर्ती गरीनेछ।

१५२)खोप अत्यावश्यक औसधि तथा अन्य स्वास्थ्य सामाग्रीको स्वास्थ्य सस्था सम्म ढुवानी तथा स्वास्थ्य कार्यालय बाट आकस्मिक ढुवानि खर्चको ब्यवस्था गरीनेछ।

१५३)कोभिड १९ अस्थाई अस्पतालका लागि अत्यावश्यक औषधि र उपकरणको ब्वस्था गरीनेछ।

१५४)पालिकामा प्रयोगशाला स्थापना गरीनेछ

१५५)प्रत्येक वडामा खोपक्लिक गाउँघरक्लिनिकका भवनहरु निर्माण गरीनेछन।

१५६)आकस्मिक स्वास्थ्य उद्धार तथा प्रेषण कार्यक्रम संचालन गरीनेछ।

१५७)मेडिक मोबाईल कार्यक्रम सुचारु गरीनेछ।

१५८)जेष्ठनागरीक तथा अपाङ्गता भएका ब्यक्ति लक्षित स्वास्थ्य शिबिर संचालन गरीनेछ।

१५९)आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि आवश्यक बजेट बिनियोजन गरीनेछ।

१६०)स्वास्थ्य बिमा कार्यक्रमलाई पालिका भरी लागु गर्न आवश्यक पहल गरीनेछ।

१६१)एम्बुलेन्स सेवा २४औं घण्टा उपलव्ध गराईनेछ।

१६२)पाठेघर कसेका महिला, महिलाहरुकालागि, आँखा उपचारकालागि, दँन्त उपचारकालागि सरकारि तथा गैर सरकारि संघ संस्थाहरुसँग समन्वय गरी आवश्य स्वास्थ्य सिविर सञ्चालन गरिने छ ।

१६३)प्रदेश सरकारसँग समन्वय गरि आयोरवेदिक आरोग्य केन्द्र स्थापना गर्ने व्यवस्था मिलाइने छ ।

१६४)कोभिड १९ बिरुद्धका बिभिन्न खोपहरु संघ र प्रदेश सरकारको सहयोगमा गाउँपालिकाको सक्रयतामा २३,३२४ डोज खोप लगाइ कोभिड – १९ रोग बिरुद्धको प्रतिकात्मक क्षमतामा बृद्धि गराएको छ, कोभिडको पूर्ण मात्रा पुर‍्याउन स्वास्थ्यक्रमि परिचालन गरि पूर्ण खोप अभियान सञ्चालन गरिनेछ ।

१६५)काम गर्न असर्थ भएका महिला स्वास्थ्य सेवीहरुलाई स-सम्मान विदाई गर्ने कार्यक्रम ल्याइनेछ ।

## इ) रोजगार सेवा केन्द्र तर्फः

१६६)गाउँपालिकामा स्थापना भएको रोजगार सेवा केन्द्रलाई निरन्तरता दिइ थप व्यवस्थित बनाईनेछ।

१६७)प्रधानमन्त्री रोजगार कार्यक्रममा संघिय सरकारबाट विनियोजित भएकोबजेट सत प्रतिशत श्रमिकको ज्यालमा मात्र खर्च गर्नुपर्ने भएकाले निर्माण सामग्री खरिदका लागि बजेट अपुग हुने अबस्था भएको हुँदा निर्माण सामग्री खरिदका लागि गाउँपालिकाबाट थप बजेटको व्यवस्था गरीनेछ।

१६८)रोजगार सेवा केन्द्रमा वेरोजगार व्यक्तिहरूको नामावलि अध्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

## ई) सामाजिक सुरक्षा तथा पञ्जिकरण तर्फः

१६९)सामाजिक सुरक्षा भत्तालाई बैंकिङ्ग प्रणाली मार्फत अनिवार्य भुक्तानीको व्यवस्थालाई निरन्तरता दिइने छ, साथै नेपाल एस.बि.आइ. बैङ्कसँग समन्वय गरि गाउँपालिका र बैङ्कको सहकार्यमा घुम्ति सिविर मार्फत वितरण गरिने व्यवस्था मिलाइने छ ।

१७०)सामाजिक सुरक्षा भत्ता पाउने सम्पुर्ण लाभग्राही जेष्ठनागरीकहरूको सामाजिक सुरक्षा भत्ता निजहरुको नातेदार मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउन गाउपालिका र नेपाल एसविआई बैंक शिवनाथ शाखा विच विश्वसनीय वातावरण सृजना गर्ने व्यवस्था गरीनेछ।

१७१)घटना दर्ताका कार्यहरू विधुतीय माध्यम द्वारा अध्वावधिक गर्ने कार्य निरन्तर चलिरहनेछ।

१७२)बालबालिकाको हक अधिकार सुनिश्चित गर्न र निजहरूमाथि भएको विभेदीकरणको अन्यका लागि नीति तयार गरी बाल संजाल गठन गरीनेछ।

१७३)शिवनाथ गा.पा बाट निर्मित बालविवाह न्युनिकरण सम्बन्धि तयार गरीएको ५ बर्षे रणनीतिक योजनालाई लागु गरीनेछ।

१७४)दलित समुदायमा रहेको परमपरागत पेशा,सीप,कला र दक्षतालाई सुदृढीकरण र व्यवसायिक करण गर्ने कार्यक्रम संचालन गरीनेछन।

१७५)जोखिममा रहेका एकल महिलाहरूको पहिचान गरी वडा तह र गा.पा तह को एकल महिला संजाल गठन  गरी मागको आधारमा कार्ययोजना तयार पारिनेछ।

१७६) लौङ्गिक हिंसा निवारण कोष कार्यविधि कार्यान्वयन गरी हिंसा पीडित महिलालाई राहात तथा पूर्नस्थापना गरीनेछ।

१७७)भूमिहिन विपन्न वर्ग एकल महिला मुक्त हलिया लाई सुरक्षित नागरीक कार्यक्रम लागु गरीनेछ।

१७८)लौङ्गिक हिंसा छुवाछुत,महिनावारि जस्ता कुरीतिहरू तथा कुप्रथाहरूको अन्यका लागि विशेष कार्यक्रम संचालन गरीनेछ।

१७९)गा.पा. भरी रहेका ग र घ वर्गका अपाङ्गहरूको तथ्याङ्क सङ्कलन गरी निजहरूको अधिकार सुनिश्चित गर्न गा.पा. स्तरीय अपाङ्ग संजाल गठन गर्ने व्यवस्था मिलाईनेछ।

१८०)बाल श्रम मुक्त गाउँपालिका घोषणा गर्ने कार्यक्रम ल्याइने छ ।

१८१)बिगतका हस्तलिखित घटना दर्ता कार्यलाई अनिवार्य रुपमा बुधुतिय माध्यमबाट अध्यावधिक गरिने छ ।

## उ) बहुक्षेत्रीय पोषणः

१८२)गर्भवती महिलाहरूलाई पोषण कोसेली स्वरूप पोषण खाद्य सामग्री वितरण गरीनेछ।

१८३)प्रत्येक वडामा कम्तीमा एक"पोषण नमुना टोल" यसै आ.व.मा घोषणा गर्न सबै विषयगत शाखाहरूबाट बहुक्षेत्रीय पोषण योजनाको अवधारणा अनुसार एकिकृत कार्यक्रम बनाई कार्यान्वयन गरीनेछ।

१८४)प्राथमिक विद्यालय जाने गरीब तथा अति विपन्न टुहुरा परीवारका विद्यार्थीहरूका लागि पोषण भत्ता उपलव्ध गराईनेछ।

१८५)संघीय तथा प्रदेशले गरेका पोषणका मापदण्डहरू पूरागरेका २ बटा वडालाई पोषणयुक्त वडा घोषणा गरी पुरस्कृत गरीनेछ।

१८६) ५ वर्ष मुनीका न्युन कुपोषित बालबालिकाहरूको तौल तथा बृद्धि अनुगमन गरी कुपोषणको अनुसार परामर्श ,पोषण कोशेली तथा उपचारको व्यवस्था गरी कुपोषणको दरलाई शुन्यमा ल्याइनेछ।

१८७) महिला र बालबालिकाको स्वास्थ्य अभिवृद्धि गर्नमा उल्लेखनिय भुमिका निर्वाह गर्दै आउनु भएका महिला स्वयंसेविकाहरूका लागि क्षमता विकास तथा प्रोत्साहनका लागि सम्मानका कार्यक्रम संचालन गरीनेछ।

१८८)बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१८९)महिला बालबलिका लछित कार्यक्रम जस्तै बाल पोषण अनुदान, खोप कार्यक्रम, बालमैत्री स्थानीय शासन आदिमा समेत बहुक्षेत्रीय पोषण योजनालाई समाबेश गर्दै लगिनेछ ।

१९०) विभिन्न सरकारि तथा गैर सरकारी संस्थाहरुसँग समन्वय गरी पोषण सुधारमा अभिबृद्धि गरिने छ ।

## ऊ) सूचना प्रविधि तर्फः

१९१)शिवनाथ गाउँपालिकामा एउटा सूचना प्रविधि सेवा केन्द्रको स्थापना गरीनेछ।

१९२)शिवनाथ गाउँपालिकामा डिजिटल नोटिस बोर्डको स्थापना गरिने छ ।

१९३)गाउँपालिका स्तरिय डिजिटल वडापत्रको व्यवस्था गरिने छ ।

१९४)पालिका स्तरिय ISP (Internet Service Provider ) जडान गरि वडा कार्यालयहरुमा तिब्र गतिको इन्टरनेट सेवा पुऱ्याइने छ ।

१९५)प्रत्येक शाखाहरूमा सेवा प्रवाहकालागि नेटवर्किङ्ग सिस्टम जडान गरिनेछ।

१९६)सबै मा.बि.,निमावि, आ.वि. र स्वस्थ्य चौकीमा सूचना प्रविधिका न्युनतम सामग्रीहरूको परीपुर्ति गरीनेछ।

१९७)गाउँपालिकामा एउटा E-Library को व्यवस्था गरीनेछ। जसबाट शिक्षण सामग्रीहरूको परीपुर्ति गरीनेछ।

१९८)सेवा प्रवाहलाई प्रविधियुक्त एवं कर्मचारीहरूको कार्यदक्षताका लागि आवश्यकता अनुरूप तालिमको व्यवस्था मिलाईनेछ।

१९९) आ.वि., तह देखी मावि तह सम्म सबै विद्यालयमा इन्टरनेटको व्यवस्था मिलाईनेछ।

२००)विद्यालयहरूमा कम्प्यूटर शिक्षामा जोड दिइने छ।

२०१)विषयगत कम्प्युटर शिक्षक नभएको विद्यालयका शिक्षकहरूलाई कम्प्युटर तालिमको व्यवस्था मिलाईनेछ।

२०२)सुचना प्रविधिमा विशेष जोड दिइनेछ।

## घ) सस्थागत सुधार तथा शुसासन प्रवर्धनः

२०३)विदाको दिन र अतिरिक्त समयमा पनि काम काज गर्ने कर्मचारीलाई थप सेवा सुविधाको उचित व्यवस्था गरीनेछ।

२०४)आगमी आर्थिक वर्ष देखि विद्युतिय भुक्तानि (EFT) पूर्ण रुमा लागु गरिनेछ ।

२०५)आर्थिक कारोवारलाई चेक रहित बनाइनेछ ।

२०६)खरिद गुरु योजना तयार गरि कार्यक्रम संचालनमा ल्याइनेछ ।

२०७)कर्मचारीको हकमा कार्यसम्पादन र मुल्याङ्कनको आधारमा सेवा सुविधा थप्ने बातावरण सृजना गरीनेछ।

२०८)जनप्रतिनिधि र कर्मचारीलाइ अनिवार्य स्वास्थ्य बिमा कार्यक्रम लागु गरिनेछ। साथै आम जनतालाई स्वास्थ्य बिमा गराउन प्रेरित गराईनेछ।

२०९)कर्मचारी व्यवस्थापन एवं परीचालनमा तदारूकताका साथ कर्मचारीको दरबन्दी पुर्णता पठाईसकेकोले कार्यरत कर्मचारीलाई क्षमता अभिवृद्धि तालिम दिइनेछ।

२१०)गाउपालिकाको कार्यालयमा विद्युतीय हाजिरी तथा सिसि क्यामरा जडान गरीनेछ।

२११)गाँपालिकाको आफ्नै मोमाईल एप निर्माण गरीनेछ।

२१२)कर्मचारीहरूलाई कार्य सम्पादनमा आधारित पुरस्कार र दण्डको व्यवस्था गरीनेछ।

२१३)स्थानीय सेवा प्रवाहमा सर्वसुलभता र सेवाग्राहीको सहज पहुच ल्याउन विभिन्न घुम्ती सेवा शिविरहरू सञ्चालन गरीनेछन।

२१४)प्रत्येक चौमासिक समाप्त भएको १५ दिन भित्रै सार्वजनिक सुनवाई कार्यक्रम सञ्चालन गरीनेछ।

२१५)अनियमितता सरकारी सम्पत्तिको अनाधिकृत प्रयोग, अपचलन तथा दोहन र अन्य जुनसुकै अपराधिक कार्यमा संलग्न जोकोहि व्यक्तिलाई सम्पत्तिको निगरानी अनुसन्धान र छानविनको दायरामा ल्याइनेछ।

२१६)कानून, संगठन र जनशक्तिलाई सुशासन र विकासमैत्री बनाईनेछ।

२१७)राष्ट्रसेवकहरूमा काम प्रति तत्पर हुने, सेवाभाव समयमै काम सम्पन्न गर्ने, उत्कृष्ट नतिजा दिने र जिम्मेवारी बहन गर्ने कार्य पद्धतिको विकास गरीनेछ।

२१८)सरकारी सेवालाई मर्यादित बनाई पेशागत दक्षता हासिल हुने गरी सरकारी सेवालाई नया जीवन दिइनेछ।

२१९)विकास आयोजना लगायत सम्पुर्ण कार्यक्रमहरूको अनुगमन मुल्याङ्कन गर्न अनुगमन प्रणालीलाई समय सापेक्ष सुधार गरी वैज्ञानिक पद्धति लागु गर्न विभिन्न कार्यविधि एवं कानुन निर्माण गरीनेछ।

## ङ) वन वातावरण तथा विपद व्यवस्थापनः

२२०) वातावरण संरक्षण लाई तिब्रता दिन बृक्षारोपण, सामुदायिक बन संरक्षण जस्ता रणनीति अवलम्बन गरिनेछ।

२२१)सामुदायिक बनहरु नियमन गर्न आवश्यक कदम चालिनेछ।

२२२)विपदजन्य घटनाहरूको रोकथाम तथा पूर्वतयारीका लागि आवश्यक सामग्रीहरूको आपुर्तीमा जोड दिइनेछ।

२२३)वन वातावरण वा पर्यावरणीय सन्तुलनलाई नविगार्नको लागि दिगो विकास लक्ष्यको अवधारणालाई व्यवहारमा लागू गरीनेछ।

२२४)फोहरमैला व्यवस्थापन गर्न आवश्यक रणनीति तथा क्रियाकलापहरू संचालन गरीनेछ।

२२५)प्राकृतिक विपत्तिबाट यस गाउँपालिका क्षेत्र भित्रका आमजनताले व्यहोर्दै आएको समस्यालाई समाधान गर्न विपद व्यवस्थापन कोष स्थापन भइ अगाडि बढेको हुदा उक्ता कार्यलाई निरन्तरता दिइनेछ।

## च) खानेपानि तर्फः

२२६) नेपाल सरकारको सबै जनतालाई आधारभूत स्तरको खानेपानि सुविधा उपलब्ध गराउने तथा दिगो विकास लक्ष्य ६ बमोजिम सन २०३० भित्र उच्च स्तरको खानेपानि सुविधा उपलब्ध

गराउने लक्ष्य पूरा गर्न गाउँपालिका स्तरमा खानेपानि, सरसफाइ (वास) व्यवस्थापन बोर्ड र सो मातहत खानेपानि, सरसफाइ तथा स्वच्छता इकाइ (वास युनिट ) मार्फत नयाँ र मर्मत सम्भार योजनाको सेवा प्रवाह गराइने छ ।

२२७) गाउँपालिकाले तयार गरेको वास पलान अध्यावधिक गरि लागू गराइने छ ।

२२८) पूर्ण सरसफाइ यूक्त टोल घोषणा गर्दै पालिकलाई पूर्ण सरसफाइ उन्नमुख गाउँपालिक बनाइने छ ।

२२९) विद्यायललाई तिन तारा पद्धतिका मापदण्ड पुरागरी तिन तारा घोषणाकालागि तालिम सञ्चालन गरि क्षमता अभिबृद्धि गरिने छ ।

२३०)वास बोर्ड र वास युनिट उपभोक्ता समिति सञ्जाल आपसि सहकार्य र समन्वय गरि खानेपानि सरसफइका कार्यक्रम गरिने छ ।

२३१)गाउँपालिकाका सम्पूर्ण खानेपानि योजनालाइ अनिर्वाय रुपमा जलस्रोत समितिमा दर्ता र नविकरण गराइने छ ।

२३२)स्थापना भएको पानि परिक्षण प्रयोगशालामा गाउँपालिका भित्रको खानेपानि योजनाको पानि परिक्षण गरि शुद्ध पिउने पानिको सुनिश्चित गराइने छ ।

२३३)गाउँपालिका भित्रका सम्पुर्ण खनेपानि योजनालाई अनिवर्य N-WASH सूचना प्रणालिमा अध्यावधिक गरि N-WASH **योजना निर्माण गरिने छ ।**

२३४)खानेपानि तथा सरसफाइ योजनाहरुको दिगोपनाकालागि वास इकाइ मार्फत पानि सुरक्षा कार्यान्वयन मर्मत सम्भार कार्यकर्ता परिचालन, मर्मत सम्भार कोषको अभिबृद्धि गरि सहकार्यमा आवद गर्न सहजिकरण गराइने छ ।

२३५)वास ईकाइ मार्फत क्षमता सञ्चालित क्षमता विकासका क्रियाकलापलाई निरन्तरता दिइने छ ।

२३६)उपभोक्ता संञ्जाल र उपभोक्ता समितिलाई आवश्यकताका आधारमा अन्तर योजना भ्रमण र क्षमता विकासका तालिम प्रदान गरि क्षमता अभिबृद्धि गरिने छ ।

## छ) जलबायु परिवर्तन अनुकुलन

२३७)वातावरण तथा जववायु मैत्री प्रविधि युक्त पूर्वाधारको विकासमा जोड दिइने छ ।

२३८)गाउँपालिकाबाट सञ्चालन गरिने योजनाहरुको दिगोपना, गुणस्तर र पार्दशियताकालागि योजना सञ्चालन पूर्व र पश्चात क्षमता विकास तालिम सञ्चालन गर्न बतावरणिय दिगो पनलाई ध्यान राख्दै योजन निर्माण कार्य अगाडी बढाइने छ ।

२३९)पानिका मूल संरक्षणकालागि रिर्चाज पोखरी निर्माण गरिने छ ।

२४०)खानेपानि सरसफाइ तथा स्वच्छता र आयआर्जनलाई एक अर्कोमा जोडेर दिगो विकासका कार्य अगाडि बढाइने छ ।

**बाणिज्य तर्फः**

२४१)सहकारी संस्थाहरूलाई थप व्यवस्थित तथा सुदृढीकरण गरीनेछ।

२४२)बजार अनुगमन कार्यलाई निरन्तरता दिदै उपभोक्ताहरूको हकहितहरूलाई सुनिश्चित गरीनेछ।

२४३)शिवनाथ गाउँपालिका भित्रका सम्पुर्ण व्यवसायीहरूलाई गाउँपालिकामा दर्ता गर्न एवं पान/भ्याटमा दर्ता गराई करको दायरा भित्र अनिवार्य रूपमा ल्याउने व्यवस्था गरीनेछ।

२४४)गाउँपालिकाले निर्माण गरेको मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०७५ लाई पुर्ण रूपमा कार्यान्वयनमा ल्याइनेछ।

**विविध तर्फः**

२४५)परम्परागत सीपलाई व्यवसायीकरण गर्न विशेष ग्राहयता दिइनेछ।

२४६)निर्वाचित जनप्रतिनिधि, कर्मचारी र भारतमा काम गर्न जाने शिवनाथवासि कामदारहरुको दुर्घटना विमा कार्यक्रम गाउँपालिकाबाट सञ्चालन गरिनेछ ।

२४७)शिवनाथ गाउँपालिकाका युवाहरुलाई लोक सेवा तर्फ आकर्षित गर्न लोक सेवा कक्षा सञ्चालन गरिनेछ ।

२४८)गाउँपालिकाको कार्यलाई परिणाममुखी र थप व्यवस्थित गर्न आवश्यक पर्ने बिशिष्ठता र विज्ञयता हासिल गर्न कृषि बिज्ञ, पशु विज्ञ, कानूनि सल्लाहकार, शिक्षाविद / विज्ञ, राजनैतिक / समाजिक सल्लाहकार, वातावरण विज्ञ तथा सूचना प्रविधि विज्ञको परामर्शमा अगाडि बढने निति अवलम्वन गरिनेछ ।

२४९)नेपालि नागरीकता र मतदता परिचय पत्रबाट वन्चित नागरिकलाई पालिका स्तरमा सेवा सुविधा उपलव्ध गराउन जिल्ला प्रशासन कार्यालय बैतडी र नेपाल सरकारसँग समन्वय गरिनेछ ।

२५०)पिछडिएको बर्गलाई मुलप्रवाहीकरणमा ल्याउन विभिन्न सशक्तिकरणका कार्यक्रमहरू ल्याइनेछन।

२५१)सामाजिक विसंगती तथा विकृतीबाट हुन सक्ने द्वन्द न्युनीकरण तथा समाधान गर्नका लागि वडाहरूमा मेलविलाप केन्द्र खडा गरीने नीति ल्याइनेछ।

२५२)किसनाहरुको अन्नबालि नष्ट गर्ने जङ्गलि जनावर नियन्त्रणकालागि संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

२५३)लैसास नितिलाई पूर्ण रुपमा अवलम्वन गरिनेछ।

२५४)मदिरा नियन्त्रणलाई थप प्रभावकारी बनाइ समाजमा शान्ति सुरक्षा कायम गरिनेछ ।

२५५)धार्मिक तथा पर्यटन क्षेत्रको प्रवर्द्धनको लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।

२५६)बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा विभिन्न पर्यटन स्थल र सार्वजनिक स्थलमा सडक बत्तिको थप व्यवस्था गरीनेछ ।

२५७)जनताको गुनासो सुनका, अन्तरक्रिया गर्न जनतासँग जनप्रतिनिधि कार्यक्रम सञ्चालन गरिनेछ।

२५८)जोखिममा परेका आर्थिक अवस्था कमजोर भएका, दिर्घकालीन विरामिहरूकालागि,चितुवा आक्रमण र दुर्घटना परी ज्यान गुमाउनेका लागि गरीएको विपन्न नागरीक राहतकोषलाई निरन्तरता दिइनेछ।

२५९)न्यायिक समितिको काम कार्वाहिलाई सशक्त र सुदृढ पारिनेछ।

२६०)जलबायु अनुकुलका बिभिन्न कार्यक्रमहरू सुचारू गरीनेछ।

२६१)विभिन्न रोजगारमुलक कार्यक्रमहरू संचालन गरीनेछन्।

२६२)मोवाईल संचार नपुगेका स्थानहरूमा नेपाल टेलिकमसंग समन्वय गरी निर्माणको प्रक्रिया अघि बढाईनेछ।

२६३)स्थानीय विकास निर्माणका कार्यमा बजेट विनियोजन गर्दा साना टुक्रे योजनाहरूमा विनियोजन गर्ने परीपाटीलाई निरूत्साहित गरीनेछ।

## सभासदस्य ज्यूहरु

प्रस्तुत नीति तथा कार्यक्रमको परीधि भित्र रही आगामी आर्थीक वर्ष २०७९/८० को सीमित स्रोत र साधनको अधिक्तम उपयोग गर्नका लागि तपसिल बमोजिमको अनुमानित आय प्रक्षेपण गरीएको व्यहोरा सम्मानित गाउँसभामा पेश गर्न चाहन्छु।

| क्र.स. | श्रोत | रकम रू. |
|---|---|---|
| १ | नेपाल सरकार राजस्व वाडफाड | ७,६४,५९,०००।- |
| २ | नेपाल सरकार वित्तीय समानीकरण अनुदान | ८,८३,००,०००।- |
| ३ | नेपाल सरकार शसर्त अनुदान | १५,६१,००,०००।- |
| ४ | नेपाल सरकार विशेष अनुदान पूजीगत | १,१५,००,०००।- |
| ५ | नेपाल सरकार समपूरक अनुदान पूजीगत | ४०,००,०००।- |
| ६ | प्रदेश सरकार समपूरक अनुदान | २१,००,०००।- |
| ७ | प्रदेश सरकार विशेष अनुदान | २५,००,०००।- |
| ८ | प्रदेश सरकार वित्तीय समानीकरण | ५८,१८,०००।- |
| ९ | प्रदेश सरकार राजस्व बाडफाड- सवारी साधन कर | १०,१८,०००।- |
| १० | आन्तरिक आम्दानी | ३०,००,०००।- |
| ११ | गा.पा. बचत मौजात | १,००,००,०००।- |
|  | जम्मा | ३६,०७,९५,०००।- |

अन्तमा शिवनाथ गाउँपालिकाको आगामी आ.व.२०७९/०८०को नीति तथा कार्यक्रम निर्माणको क्रममा सहयोग गर्नुहुने गाउँपालिका पदाधिकारी तथा राष्ट्रसेवक कर्मचारीहरू, नागरीक समाज, विज्ञ समुदाय, निजी तथा गैर सरकारी क्षेत्रहरू प्रति हार्दिक आभार प्रकट गर्दछु। यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा सम्बद्ध सबै पक्षबाट सकारात्मक सहयोगको अपेक्षा गर्दछु।

# धन्यबाद।